# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सुनवल, नवलपरासी
## ५ नं. प्रदेश, नेपाल

फोन नं. ०७८-५७०११६

पत्र संख्या : ०७३/०७४
चलानी नं.:

मिति : २०७५ ३ १३

**बोलपत्र बढावढ सम्बन्धी १५ दिने सुचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७५।३।१३**

सुनवल नगरपालिका क्षेत्र भित्रका देहायका आय ठेक्का व्यवस्थापन गर्न आ.व. २०७५/७६ (२०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म) वर्ष १ (एक) को लागि ठेक्का पट्टाको बन्दोबस्त गर्नु परेकोले सुनवल नगरपालिकाको विनियोजन ऐनले निर्धारण गरेको दररेटको आधारमा कर शूल्क उठाउने गरी शिलबन्दी दरभाउ पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | आय ठेक्काको नाम | न्युनतम अंक |
|---|---|---|
| १ | आईतवारे मंगलवारे साप्ताहिक हाटबजारको कर असुली, सुनवल ३, नदुवा (वार्षिक) | १५,००,०००।०० |
| २ | बुधवारे सोमवारे साप्ताहिक हाटबजारको कर असुली, सुनवल ८, रामपुर चौराहा(वार्षिक) | १,००,०००।०० |
| ३ | बिहीवारे साप्ताहिक हाटबजारको कर असुली, सुनवल ७, अस्नैया(वार्षिक) | १,३०,००० |
| ४ | काँचो छाला संकलन, सुनवल १ देखि १३ वडाका सबै क्षेत्र (वार्षिक) | १०,०००।०० |
| ५ | बायोग्यास जडित सार्वजनिक शौचालय, सुनवल ७ को कोठा नं. १ (वार्षिक) | ६०,०००।०० |
| ६ | बायोग्यास जडित सार्वजनिक शौचालय, सुनवल ७ को कोठा नं. २ (वार्षिक) | ६०,०००।०० |
| ७ | बायोग्यास जडित सार्वजनिक शौचालय, सुनवल ७ को कोठा नं. ३ (वार्षिक) | ६०,०००।०० |
| ८ | बायोग्यास जडित सार्वजनिक शौचालय, सुनवल ५ को कोठा नं. १ (वार्षिक) | ६०,०००।०० |
| ९ | बायोग्यास जडित सार्वजनिक शौचालय, सुनवल ५ को कोठा नं. २ (वार्षिक) | ६०,०००।०० |
| १० | बिहीवारे साप्ताहिक हाटबजारको कर असुली, सुनवल १२, भुमही (वार्षिक) | १२,११,०००।०० |
| ११ | बिज्ञापन कर असुली ठेक्का(वार्षिक | १,००,०००। |

शर्तहरु :

१. टेण्डर फाराम दस्तुर प्रत्येक फाराममा रु. १,०००।०० (फिर्ता नहुने गरी) तिरी नगर कार्यपालिकाबाट उपलब्ध हुने छ ।
२. ठेक्काको कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझ्नेगरी उल्लेख गर्नु पर्नेछ । अंक केरमेट भए अक्षरलाई मान्यता दिईनेछ ।
३. आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली भए १० प्रतिशतले हुने धरौटी रकम यस नगर कार्यपालिकाको धरौटी खाता नं. ९६अब५००९६८५२४००४ एन आइ सि एसिया बैंक सुनबल शाखामा जम्मा गरेको सक्कल भौचर वा नगदै टेण्डर फारम साथ पेश गर्नु पर्ने छ ।
४. ठेक्का अवधिका आधार रकम ५० ५० प्रतिशतका दरले २ किस्तामा बुझाउनु पर्नेछ । बहु बर्षको हकमा हरेक आ.ब. को बार्षिक किस्ता कायम गरीने छ।
५. टेण्डर स्वीकृत भएको ७ दिन भित्रमा प्रथम किस्ता रकम दाखिला गरी पट्टा उठाउनु पर्नेछ र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा १ वर्ष १ महिना म्याद भएको अर्थात २०७६ साल श्रावण मसान्त सम्मको म्याद भएको बैंक ग्यारेण्टी पेश गनु पर्नेछ ।
६. बाँकी किस्ता रकम २०७५ साल पौष मसान्त भित्र दाखिला गर्नुपर्नेछ । शर्त पालना नभए ठेक्का तोड्न सकिने छ ।
७. टेण्डर फारम सुचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको ५:०० बजे सम्म खरिद गरी १६ औं दिन दिनको १२:०० बजे भित्र यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
८. पेश भएका टेण्डर फारमहरु १६ औं दिन दिनको २:०० बजे टेण्डरदाता वा निजको प्रतिनिधी (उपस्थिती नभएपनि) एवं कार्यालय प्रतिनिधीको रोहवरमा खोलीनेछ ।
९. टेण्डर स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकामा सुरक्षित रहनेछ ।
१०. साप्ताहिक हाट बजारको कर असुली गर्ने दररेट नगर कार्यपालिकाको कार्यालयको सुचना पाटीमा टाँस गरिएकोछ ।
११. **यस नगर कार्यपालिकामा गत विगतका आय ठेक्कामा बक्यौता भएका ठेकेदारहरुले बक्यौता रकम नतिरे सम्म ठेक्कामा भाग लिन पाउने छैनन् ।**
१२. साप्ताहिक हाटबजारको हकमा बजार सरसफाई एवं अन्य प्रवन्ध ठेकेदार स्वयमले गर्नुपर्नेछ ।
१३. कुनैपनि कारणले हाटबजारको स्थान स्थानान्तरण भएको खण्डमा ठेकेदार पूर्ण रुपमा मन्जुर हुनु पर्नेछ ।
१४. ठेक्का नं. ५, ६, ७, ८ र ९ का हकमा ठेक्का अवधि ५ बर्षको हुनेछ । हरेक बर्ष बार्षिक रुपमा किस्ता कायम गरी संझौताहुने छ
१५. अन्यको हकमा सार्वजनिक खरिद ऐन नियमावली रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, नियम अनुसार हुनेछ ।
१६. आवश्यक जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत